पाथीभरा याङ्वरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८०/०८१
च.नं.-

मिति: २०८०/०९/२९

## कर्मचारी तह वृद्धि सम्बन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तथा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट यस स्थानीय तहमा सिफारिस समायोजन/समायोजन संशोधन भएका यस कार्यालय र यस अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम योग्यता पुगेको भए तपसिलमा उल्लेखित कागजात सहित तोकिएको समयसीमा भित्र तह वृद्धिका निम्ति रितपूर्वक यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

<u>तपसिलः</u>

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-४ को उपदफा-५ र दफा-८ को उपदफा-१३ (स्वतः बढुवा हुने प्रयोजनार्थः) साथै उपदफा-१६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्नेः
   - नियुक्ति पत्र,
   - समायोजन/समायोजन संशोधन भएको पत्र वा संघीय/प्रदेश लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र ।
   - शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि,

२. स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा-२७ को उपदफा-१ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्नेः
   - नियुक्ति/बढुवा/तहवृद्धिको पत्र,
   - समायोजन/समायोजन संशोधनको पत्र वा संघीय लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र,
   - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

- पछिल्लो ३ आर्थिक वर्षको मूल्यांकित अन्यत्र कार्यालयमा कार्यरत हुँदाको बखत पेश गरेको का.स.मू. फारम,

पुनश्चः

निवेदन पेश गर्न चाहाने कर्मचारीहरुले उल्लेखित ऐन र विशेष गरी यसको दफा-२,४,८,२७,३१, दफा-५६ को उपदफा-३ को स्पष्टीकरण खण्ड, दफा-५७ को उपदफा-१ को स्पष्टीकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्नहुन समेत सूचित गरिन्छ ।

.........................
अभिषेक घिमिरे
प्रमुख प्रशासकीय अधिकृत